जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक १६१ | २०८२ साल माघ १२ गते सोमबार (26 Jan 2026 Monday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : ध्यान साधनाबाट प्राप्त ... ३ पृष्ठमा : कृषिमा परनिर्भरता बढ्नेक्रम ... ३ पृष्ठमा : युक्रेन-रूस-अमेरिका त्रिपक्षीय ...

# सप्तरीमा १ सय २ मध्ये २० जना महिला उम्मेदवार

## पार्टीको टिकटबाट मात्र ७ जना तथा १३ जनाको स्वतन्त्र उम्मेदवारी



**पुष्पा कुमारी चौधरी**
(क्षेत्र नं. १, रास्वपा)



**रन्जु कुमारी ठाकुर**
(क्षेत्र नं. २ नेपाल जनता पार्टी)



**अनिता कुमारी चौधरी**
(क्षेत्र नं. ४, आम जनता पार्टी)



**डा. बबि सिंह यादव**
(क्षेत्र नं. ४, जसपा नेपाल)



**रुबि कुमारी कर्ण**
(क्षेत्र नं. ४, नेकपा)



**टिकालक्ष्मी चौधरी**
(क्षेत्र नं. १, नागरिक उन्मुक्ति पार्टी)



**निलम कुमारी यादव**
(क्षेत्र नं. २ नेमकिपा)

**दैनिक समाचारदाता राजविराज, ११ माघ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सप्तरीबाट २० जना महिला उम्मेदवार चुनावी मैदानमा होमिएका छन्। चार वटा निर्वाचन क्षेत्रमा ७ जना महिला उम्मेदवार राजनीतिक पार्टीबाट तथा १३ जना महिलाले स्वतन्त्र रुपमा उम्मेदवारी दिएका छन्।

जिल्लाको क्षेत्र नं. १ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट पुष्पाकुमारी चौधरी र नागरिक उन्नमुक्ति पार्टीबाट टिकालक्ष्मी चौधरी, क्षेत्र नं. २ मा नेपाल जनता पार्टीका तर्फबाट पूर्व सांसद रञ्जु कुमारी ठाकुर र नेपाल मजदुर किसान पार्टीबाट निलम कुमारी यादव, क्षेत्र नं. ४ मा नेपाली कम्युनिष्ट पार्टीबाट रुबी कुमारी कर्ण, जनता समाजवादी पार्टी नेपालबाट डा. बबि सिंह यादव र आम जनता पार्टीबाट अनिता कुमारी चौधरी उम्मेदवार बनेकी छिन्। यता क्षेत्र नं. ३ मा राजनीतिक दलबाट कुनै महिलाको उम्मेदवारी परेको छैन्।

यस्तै क्षेत्र नं. १ बाट राम कुमारी खड्ग, रिजवाना खातुन र उम्दा देवी सदा स्वतन्त्र उम्मेदवारी दिएकी छिन्। यस्तै क्षेत्र नं. २ बाट अम्बिका देवी साफी, शुशिला कुमारी साह र साधना दास स्वतन्त्र रुपमा चुनावी मैदानमा उत्रिएकी छिन्।

क्षेत्र नं. ३ मा कौशल कुमारी चौधरी, रजियादेवी सदा, सरिता कुमारी यादव र कोशीला देवी पासमान स्वतन्त्र रुपमा उम्मेदवार बनेकी छिन्। यस्तै क्षेत्र नं. ४ बाट स्वतन्त्र रुपमा प्रेम कुमारी महरा चुनावी मैदानमा होमिएकी छिन्।

मधेशी आयोगका सदस्य आभासेतु सिंहले सप्तरीमा १ सय २ जना उम्मेदवार मध्ये ७ जना महिला मात्र राजनीतिक दलको टिकटबाट उम्मेदवार बन्नु सरकारी नीतिमा कमजोरी भएको धारणा राखेकी छिन्। उनले सरकारले प्रत्यक्षतर्फ महिलाहरुको लागि आरिक्षत सिट घोषणा नगरेसम्म राजनीतिक दलको प्राथमिकतामा महिला उम्मेदवार नपर्ने बताइन्।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनले महिला प्राथमिकतामा नपर्नु समावेशी र राजनीतिक दलको सिद्धान्त अनुकुल नभएको बताउछिन्। उनले राजनीतिक दलहरु भित्र व्यक्तिवादी सोच हावी भएको कारण प्रत्यक्षतर्फ महिलालाई उम्मेदवार नबनाएको तर्क राखिन्।

सप्तरीमा २०४८ पछि भएको प्रतिनिधिसभा निर्वाचनमा बि.स.२०५६ सालमा राप्रपा र २०६४ मा तत्कालिन मधेशी जनाधिकार फोरम नेपाल (हाल जसपा नेपाल) की नेतृ रेणु यादव चुनाव जित्ने एकमात्र महिला हुन्।

यसअघि बि.स. २०७९ को प्रतिनिधिसभा निर्वाचनमा सप्तरी क्षेत्र नं. १ बाट जसपा नेपालका नवल किशोर साह, २ बाट जनमत पार्टीका अध्यक्ष डा सिके राउत, ३ र ४ बाट नेपाली कांग्रेसका क्रमश: दिनेश कुमार यादव र तेजुलाल चौधरी गरी चारै जना पुरुष उम्मेदवार निर्वाचित भएका थिए।

प्रतिनिधिसभा निर्वाचनमा जिल्लाको चार वटै क्षेत्रमा गरी कुल ४ लाख ४६ हजार ४ सय २ मतदाता छन। जस मध्ये महिला मतदाताको संख्या २ लाख १३ हजार २ सय ८३ रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेश कुमार जोशीले जानकारी दिए।

# राष्ट्रिय सभा सदस्यमा मधेशबाट गठबन्धका उम्मेदवार बिजयी



**दैनिक समाचारदाता राजविराज, ११ माघ।**
राष्ट्रिय सभा सदस्य निर्वाचनमा मधेश प्रदेशमा गठबन्धनका उम्मेदवार बिजयी भएका छन्।

आइतबार सार्वजनिक गरिएको मतपरिणाम अनुसार एमालेकी महिलातर्फ रेखा झा, अल्पसंख्यकतर्फ कांग्रेसका रञ्जित कर्ण र दलिततर्फ धर्मेन्द्र पासवान तथा अन्य कलष्टरतर्फ जसपाका महन्थ ठाकुर बिजयी भएका हुन्।

रेखा झाले ७ हजार २ सय २२, रञ्जित कर्णले ८ हजार ९३, धर्मेन्द्र पासवान ७ हजा ९ सय ४ र महन्थ ठाकुर ७ हजा ७ सय २५ मतभार ल्याएर बिजयी भएका हुन्।

# राष्ट्रिय झन्डाको गरिमा र मर्यादालाई ध्यानमा राख्न गृह मन्त्रालयको आग्रह

काठमाडौं, ११ माघ (रासस)।
गृह मन्त्रालयले राष्ट्रिय झन्डाको प्रयोग गर्दा त्यसको उच्च गरिमा र मर्यादालाई ध्यानमा राखी प्रचलित कानुनबमोजिम मात्र प्रयोग गर्न आग्रह गरेको छ।

मन्त्रालयले आइतबार विज्ञप्ति जारी गरी भनेको छ, "राष्ट्रको गौरव र स्वाभिमानको प्रतीक राष्ट्रिय झन्डाको प्रयोग गर्दा यसको उच्च गरिमा र मर्यादालाई ध्यानमा राखी प्रचलित कानुनबमोजिम मात्र प्रयोग गर्नु होला, अन्यथा यसको दुरुपयोग भएको पाइएमा कानुनबमोजिम कारबाही हुने व्यहोरा गृह मन्त्रालय सबैमा हार्दिक अनुरोध गर्दछ।"

निर्वाचन आचारसंहिता, २०८२ को परिच्छेद ४, दफा १३ को खण्ड (न) मा दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्‍याली गर्दा बढीमा १० वटा राष्ट्रिय झन्डा प्रयोग गर्नबाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झन्डा प्रयोग गर्न गराउन नहुने व्यवस्था गरिएको मन्त्रालयको भनाइ छ।

त्यसैगरी मुलुकी अपराधसंहिता, २०७४ को दफा १५१ मा नेपालको राष्ट्रिय झन्डाको अपमान गर्न वा सार्बजनिक नैतिकता, शिष्टाचार वा सदाचारको दृष्टिकोणले प्रयोग गर्न नहुने ठाउँ वा अवस्थामा नेपालको राष्ट्रिय झन्डा प्रयोग गर्न नहुने व्यवस्था रहेको र सो को उल्लङ्घन

*बाँकी अन्तिम पृष्ठमा*

**भूकम्पबाट जोगिन सचेत बनौं**

❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।

भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### न्यायिक समिति बारे अनभिज्ञ जनता

स्थानिय तहमै विभिन्न मुद्दा छिनोफानोका लागि न्यायिक समिति गठन गरिएको झण्डै आठ वर्ष बितेको छ। तर, उक्त समितिबारे जनता अझै अनभिज्ञ छन्। विभिन्न मुद्दा सम्बन्धी यही समितिले अदालत झै टुङ्गो लगाउने अधिकार पाएपनि यहाँ मुद्दा न्युन रुपमा दर्ता हुनेगर्छ। अहिले पनि प्रहरी र अदालतमै मुद्दाको चाङ लागने गर्दछ। स्थानिय पालिका अन्तरगत उपमेयर/उपप्रमुख संयोजक रहने गरि तीन सदस्यीय समितिले अन्य अदालत जस्तै न्याय दिने बारे अझै जनताले अझै बुझ्न सकेका छैनन्।

समितिमा मुद्दा आउनुको साटो प्रहरी र अदालतमा अहिले पनि सानो भन्दा सानो मुद्दा दर्ता हुने गरेको छ। न्यायिक समितिको बारेमा स्थानियस्तरमा पहुँच नहुनुले मुद्दाहरु अदालत जाने गरेको हुनसक्छ। तर स्थानिय पालिकाहरु त्यस कुरालाई नर्काछन्। समाजबाटै पनि समाधान हुने खालका मुद्दाहरु अदालतमा दर्ता हुने गरेको पाइएको छ। जिल्लालाई बढी जग्गा खिचलो तथा जग्गा सम्बन्धीको मुद्दा दर्ता हुने गरेको छ। यस्ता मुद्दाहरुको छिनोफानो हुन निकै समय लाग्ने गर्दा पनि आफ्नो जुंगाको लडाईलाई कायम राख्न पनि दर्ता गर्ने गरेको पाइन्छ।

तसर्थ स्थानिय निकायहरुले न्यायिक समितिको काम, कर्तव्य र विश्वसनियता बारे जनचेतना दिनु आवश्यक छ। अनिमात्र समितिको भूमिका र औचित्य बारे जनताको विश्वास बढ्ने छ।


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# ध्यान साधनाबाट प्राप्त हुन्छ बोध

**नेत्र सुवेदी 'प्रयास'**
काठमाडौं, ११ माघ (रासस)।

योगासन, प्राणायम र ध्यान एकपछि अर्को गरी अभ्यास गरिन्छ। योग र प्राणायम ध्यानका लागि पूर्वतयारी हुन्। वास्तवमा ध्यान लागेपछि शरीर हलुका महशुस हुन्छ भने मनमा शान्ति छाउँछ। सही अर्थमा ध्यानबाट आनन्दको अनुभूति हुन्छ। जुनसुकै काममा पनि ध्यानस्थ हुने क्षमता विकास हुन्छ। भनिएको छ कि ध्यान आफ्नो लक्ष्यप्राप्तिको हुनुपर्दछ। आफूतिर नफर्की ध्यान हुँदैन। खोजेको आनन्द सम्बन्ध, सम्पत्ति, शान्ति, बुद्धि केमा हो सोहीअनुसार ध्यान लगाउनुपर्दछ। ध्यानको अभ्यासमा हामीहरु बाहिरी जगतभन्दा पनि भित्री आकाशमा मन लगाउँछौं। हामीभित्रको आकाश सच्चिनान्द स्वरुपमा छ। त्यसैले भनिएको होला निराकार मात्र पूर्ण छ। आकाशको सीमा नभएजस्तै निराकार पनि विस्तृत छ, पूर्ण छ। उपनिषद्मा उल्लेख भएको 'ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते। पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥' ले इंगित गरेको पूर्णता अक्षुण छ अर्थात् आकाशबाट आकाश घटाउँदा शेष पनि आकाश नै रहन्छ। यही पूर्णता प्राप्तितर्फको अभ्यास हो ध्यान। ध्यानका लागि कुनै आसनमा बसेर आँखा चिम्लनु पर्दछ भन्ने छैन। जुन काममा संलग्न छौं त्यसैमा ध्यान लगाउनु पनि ध्यान नै हो।

विभिन्न आध्यात्मिक मार्गहरुले जीवन जिउनुको उद्देश्यलाई आफ्नै ढङ्गले व्याख्या गरेको पाइन्छ। जस्तो कि भगवान् शिवको भाषामा कैविल्य, महर्षि पतञ्जलीको भाषामा निर्विकल्प समाधी र बुद्धको भाषामा निर्वाण प्राप्ति। मानव जीवनको उद्देश्य भनेको दुःखबाट मुक्ति र परमानन्द प्राप्ति नै हो। जीवनको यही उद्देश्य प्राप्तिका लागि ऊर्जा आवश्यक पर्दछ र सो ऊर्जाको सिर्जना र उपयोगका लागि पनि ध्यान आवश्यक पर्दछ। त्यसो त समृद्धिको पूर्वाधार भनेको पनि जीवन ऊर्जा हो। शरीरमा ऊर्जाको कमी भयो भने समृद्धि प्राप्तिको विषय खोक्रो सावित हुन्छ। ध्यान गरे पनि धन आर्जन गरे पनि आधारभूत विषय भनेको ऊर्जा हो। ऊर्जामा मूलतः तीन वटा पक्ष सँगसँगै रहन्छन्। पहिलो हो-शारीरिक शक्ति, जुन हामीमा कायम गर्दै मजबुत हुनुपर्ने हुन्छ। दोस्रो हो-मानसिक शक्ति जुन शक्ति विचार, इच्छाशक्ति र सन्तुलनका लागि आवश्यक छ। तेस्रो हो-भाव शक्ति जसबाट केही प्राप्ति भएको अनुभूति हुन्छ। यी तीनवटै शक्तिको जग भनेको चेतना शक्ति हो। हामीले बोलीचालीको भाषामा यसलाई 'होस' पनि भन्दछौं। चेतना जागृत गर्ने र प्रयोग गर्ने कला नै ध्यान हो।

**ध्यान गर्ने प्रक्रिया र पूर्वःशर्त**

धेरैले आफ्नो काममा एकाग्रता भएन भन्छन्। एकाग्रता भनेको एउटा विषयमा ध्यान लगाउनु हो। एकाग्रता हुनु कुनै कामका लागि अनिवार्य त छ तर पर्याप्त भने नहुन सक्छ। चेतना वा सजगता भने एकाग्रताभन्दा पनि उच्चस्तरको शक्ति हो। ध्यान सम्बन्धमा रचित गीतको लाइन 'साक्षीपूर्ण चेतनाले जाने जति ज्ञान भयो, प्रेमपूर्ण भावनाले छानेजति ध्यान भयो'बाट ध्यानका लागि चेतना र प्रेम सँगसँगै चाहिन्छ भन्ने बुझ्न सकिन्छ। ध्यानलाई आनन्द प्राप्तको माध्यम वा बाटो मान्ने हो भने बोध भनेको आनन्द प्राप्तिको अवस्था वा गन्तव्य हो। बोध भनेको वास्तविक योग तथा ध्यान अभ्यास मात्र नभई त्यो भन्दा पनि गहिरो विषय रहेछ। "आफूप्रति सजग भई ध्यान गर्दैछु म, ध्यानप्रति सजग भई बोध गर्दैछु म" भन्ने जीवन विज्ञानसम्बन्धी गीतको लाइनबाट पनि बोध भनेको ध्यान गहिरिदै जाँदा पुगिने चरण र नतिजा रहेछ भन्ने बुझिन्छ।

ध्यानका लागि आसनमा बस्दा पवित्रता, अभयता र सजगता यी तीन विषय ख्याल गर्नुपर्दछ। ध्यानका बखत आँखा खोल्दा अरुलाई देखिन्छ भने आँखा बन्द गरेपछि आफैँलाई देखिन्छ। ध्यान भनेकै भित्रबाट परिवर्तन गर्ने विधि हो। यसका माध्यमबाट जीवनमा सकारात्मकता, स्वस्थता र आनन्द प्राप्ति सम्भव हुन्छ। भनिन्छ कि सुखदुःखका कारण हामी आफैं हो र ध्यान आफूतिर फर्काएर नयाँ दृष्टिकोणका साथ सरल समाधान खोज्ने विधि हो। त्यसै भनिएको हैन 'मनको ढोका खोलेर भित्र जाउँ, हृदयमा भेटिन्छ शान्त ठाउँ' भनेर। जसरी खाना खाँदा अघाइन्छ र सन्तुष्टि प्राप्त हुन्छ, त्यसैगरी ध्यानबाट आनन्द प्राप्ति हुन्छ। तर पवित्रता, अभयता र सजगताको त्रिवेणीमा निष्ठा र धैर्यतापूर्वक साधना गर्न जरुरी हुन्छ।

मभित्र के भइरहेको छ थाहा पाउन सुरु गर्नु ध्यानको पूर्वशर्त हो। ध्यानको ऊर्जाले नै ज्ञानको ऊर्जा सिर्जना गर्दछ। जे गर्न नी चेतना चाहिने र चेतनाको सहज प्राप्तिको बाटो नै ध्यान। चार अक्षरको शब्द सजगता ध्यानको पहिलो चरण हो यसले मनमा जे चलिरहेको छ थाहा पाउन मद्दत गर्दछ। सजगताका तीनगुण अहिले, अप्रतिक्रियात्मक र अध्ययन हुन्। सजगताका पाँच तह छन्। पहिलो सजगता श्वाशप्रति, दोस्रो शरीरप्रति, तेस्रो आत्मगुफाप्रति, चौथो गुरुप्रति र पाँचौं सजगता ईश्वरप्रति हुनुपर्दछ। हामी ध्यान गर्दा आफैँले अनुभूत गर्दछौं, जबकि पुस्तक पढ्दा भने अरुको विचार पढिन्छ। ध्यानले जागेको ऊर्जालाई स्थिर बनाउँछ।

जीवनमा सजगता टिकाउनका लागि पवित्रता आवश्यक पर्दछ। यसका लागि दिव्य नवब्रतको पालना आवश्यक पर्दछ। यदि यी नवब्रतमध्ये कुनै वा सबै कमजोर भयो भने सजगता तुहिन्छ वा चुहिन्छ। नौवटा गुणहरु रहेको दिव्य नवब्रत सङ्कल्प साथसाथै पालनाको विषय पनि हो। ती गुणहरु भनेका सत्यता, स्वाध्याय, निहङ्कारिता, क्षमाशीलता, सर्वकल्याण भाव, सेवाभाव, मधुरवाणी, लक्ष्यसँग एकाकार र मुमुक्षा हुन्।

**ध्यानबाट बोधतिर**

बोधप्राप्तिका लागि ध्यान गरिरहँदा सजगताप्रति भन्दा मुख्य दुईपक्ष हुन सक्छन्-म कि अरु। अरुप्रतिको सजगतामा प्रेम जरुरी छ जहाँ भय रहँदैन। आफूप्रतिको सजगताका लागि स्वाध्याय आवश्यक पर्दछ जसको सरल अर्थ भनेकै आफ्नो अध्ययन हुन्छ। त्यस्तै आफूप्रतिको सजगता बढ्दै गयो भने ध्यान बोध बन्दछ।

आफ्नो अध्ययन कसरी भन्ने प्रश्न उठ्न सक्छ। यसका दुई तरिका छन्। मेरो मन विचार कस्तो छ, राम्रा नराम्रा कस्ता कुरा खेल्छन् ? बानीव्यहोरा के छन् ? यो पहिले त आफैँले बुझ्न जरुरी छ। दोस्रो पक्ष भनेको अरुप्रति गरिने व्यवहार हो। आफूलाई जुनसुकै व्यवहार गर्ने किन नहोस् अरुप्रति व्यवहार गर्दा प्रतिक्रिया व्यक्त नगरेर त्यस्तो व्यवहार किन गर्‍यो भन्ने पत्ता लगाउनु पनि स्वाध्याय हो। के बुझ्न जरुरी छ भने हामीलाई दुःखले जति सताएको छ, त्योभन्दा बढी सुखले पनि सताएको छ। सुख पनि दुःखमा परिवर्तन हुन्छ। जस्तो कि आफूलाई माया गर्ने व्यक्तिको देहान्त भयो भने हामी दुःखी हुन्छौं। आफैंमा समाहित हुनुमात्र आनन्द हो, यो मात्र स्थायी रहन्छ। आममानिस दुई प्रकारका हुन्छन्। पहिलो बाहिरतिर खोज्ने अर्थात् सांसारिक र दोस्रो ध्यानी।

आफूप्रति सजग हुँदै गयो भने कुनै विन्दुमा पुग्दा शून्यता फेला पर्दछ, त्यहाँ दुःख हुँदैन न त सुख नै हुन्छ। भनिन्छ कि सजग व्यक्ति जीवन जिउन जान्ने व्यक्ति हो। सजगतापश्चात् फेला पर्ने शून्यता नै बोध हो। अकम्पको अनुभवलाई शून्यता पनि भनिन्छ। शून्यताका तीनगुणका रुपमा निर्विचार, निराकार र निःशब्द रहेका छन्। आँखा बन्दा गर्दा दुई आँखीभौंका बीचमा जे देखिन्छ त्यो नै आत्मगुफा हो। यसलाई आन्तरिक आकाश पनि भनिन्छ। सुरुमा पूरै अँध्यारो र क्रमशः उज्यालो देखिन्छ। यसरी देख्ने भनेकै शिव नेत्रले, तेस्रो आँखाले हो। यसैलाई वेदमा व्योमा भनिन्छ। पुराणमा यसलाई बृन्दावन भनिन्छ भने शिवपुराणले कैलाश र मृगस्थली दुबै प्रयोग गरेको पाइन्छ। उपनिषदमा भने यसलाई अरण्य भनिन्छ। विज्ञानको जगत्मा यसलाई क्वान्टम फिल्ड, द युनिफाइड फिल्ड जस्ता शब्द प्रयोग हुन्छन्। आत्मगुफालाई सन्ध्या पनि भनिन्छ। आत्मगुफा भनेको हाम्रो असली परिचय हो अनि मभित्रको म हो। म कै आध्यात्मिक नाम आत्मगुफा हो। आत्मागुफालाई सुक्ष्म शरीर, देह पनि भनिन्छ। मृत्युपश्चात् पनि आत्मगुफा मर्दैन। 'आँखा छोपे अँध्यारो देखिन्छ, अँध्यारोमै मूल ज्योति भेटिन्छ' भने झैं गहिरो साधनाबाट मात्र बोध प्राप्ति सम्भव हुन्छ।

**सेवाभाव र दृव्यदृष्टि प्राप्ति**

अपेक्षा इच्छा पनि दुःखको कारण हो। इच्छा कम गर्नका लागि इच्छा प्रतिको जागरुकता/सजगता आवश्यक हुन्छ। चाहना दुई किसिमको हुन सक्छ : निजी चाहना र परोपकारी चाहना। जब जगतको हित गर्न थालिन्छ, स्वार्थी चाहना हराउँछन्। त्यसैगरी वेदले इन्द्रीयलाई गो भन्दछ भने इन्द्रीय दानलाई गोदान भनेको छ। वास्तवमा गोदान भनेको इन्द्रीयलाई बसमा राख्ने विषय हो। ऊर्जाको सदुपयोगको विषय हो। मन स्थिर राख्न सकेमात्र ध्यान लाग्दछ, बोध प्राप्तितर्फउन्मुख भइन्छ। बोध प्राप्त हुनु भनेको दिव्यदृष्टि हासिल हुनु पनि हो। सञ्जयले धृतराष्ट्रलाई कुरुक्षेत्रको घटना हस्तिनापुर बसेर सुनाउँदा पनि दिव्य तेस्रो आँखाको सहारा लिएका थिए। महर्षि व्यासले सञ्जयलाई सिकाएका थिए यो। दिव्यदृष्टिलाई तेस्रो नेत्र पनि भन्न सकिन्छ।

गुरुप्रतिको सगताको पनि विशेष महत्व हुन्छ। गुरु भनेको हृदयमा आकाश, मुस्कानमा वैकुण्ठ, बोलीमा वेद र पुराण धारी हुन्छन्। त्यस्तै गुरुका लागि शिष्य भनेका एकमात्र देवता, एकमात्र प्रेम, एकमात्र भविष्य र एकमात्र आशा हुन्। अर्कोतर्फ शिष्यले आफूसँग भएको लोभ, रिस, इर्ष्या, डर, तनाव, कुलत गुरुलाई अर्पण गर्दछ। त्यस्तै धनले किन्न नसकिने इमान्दारिता, समर्पण र निष्ठा पनि प्रकट गर्दछ। कसैले नलिने आँसु, अहङ्कार, असुरक्षा, अशान्ति पनि गुरुले लिन्छन्। सत्यता, सेवाभाव, मधुरवाणी, मुस्कान भए गुरु खुसी हुन्छन्। गुरुप्रतिको सजगतालाई नित्यावतार पनि भनिन्छ। साधना र सेवामा सहकार्यबाट शक्ति उत्पन्न हुन्छ। सफल जीवनका लागि ध्यानको गहिराई र सेवाको उचाइ दुवै आवश्यक पर्दछ। ध्यानको समुद्र र सेवाको सगरमाथा भएमा कर्मसिद्धि र सफल जीवन सम्भव हुन्छ। अनुसन्धानले पुष्टि गरेअनुसार योग ध्यान गर्नेको स्मरण क्षमता नगर्नेको तुलनामा १४ गुणासम्म बढी भएको अनुसन्धानले देखाएको छ। त्यस्तै ध्यान गर्ने व्यक्तिलाई ४८ प्रकारका रोग त लाग्नै पाउँदैनन् टाढैबाट भाग्छन्।

**अन्त्यमा**

नेपाल योग र ध्यानका लागि उद्गम भूमि हो। धेरै शास्त्रहरुले नेपालमा आध्यात्मिक साधना गर्नका लागि थुप्रै ऋषिमुनिहरु, व्यक्तित्वहरुले समय खर्च गरेको हामी पढ्न पाउछौं तर दुःखको कुरा अहिले विश्वस्तरको आरोग्य नक्साले भने नेपाललाई समेटेको छैन। नेपाल योग र ध्यानको जन्मभूमि हो। जसरी आफ्नो आमालाई कमजोर देख्नु हुँदैन, त्यसैगरी नेपालको यो बृहत् सम्भावनालाई आरोग्य पर्यटनको बृहत् अवधारणाअन्तर्गत सदुपयोग गर्नुपर्दछ। विगत १४ वर्षअघि स्थापना भएर सकृय रहेको जीवन विज्ञानका कार्यक्रम लोकप्रिय हुँदै गएका छन् भने अन्तरराष्ट्रियस्तरको साधना केन्द्रका रुपमा धादिङको थाक्रे गाउँपालिकामा जीवन विज्ञान धाम पनि निर्माण हुँदैछ। *(लेखक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सहसचिव तथा प्रवक्ताका साथै योग साधनाका अनुयायी हुनुहुन्छ)*

# कृषिमा परनिर्भरता बढ्नेक्रम उच्च

**राजाराम कार्की**

काठमाडौँ, ११ माघ (रासस)।

यस वर्ष धान उत्पादनमा चार प्रतिशतले गिरावट आएको छ। सहरी क्षेत्रमा वृद्धि भइरहेको आप्रवासन, जमिनमा औद्योगिक एवं अन्य भौतिक पूर्वाधार निर्माण, तीव्र सहरीकरण, कृषि श्रमिकको अभाव, सिँचाइ समस्या, जलवायु परिवर्तन, किसानलाई नाफाको अनिश्चितता, युवा जनशक्ति विदेश पलायन हुनुलगायत कारणले धान उत्पादनमा कमी आएको सरकारी अधिकारीले बताएका छन्।

सातै प्रदेशका कृषिसम्बन्धी क्षेत्राधिकार प्राप्त निकायबाट प्राप्त तथ्याङ्कका आधारमा धानबाली भित्रचइएको क्षेत्रफलको अनुमान गर्दा अघिल्लो वर्षको क्षेत्रफलसम्बन्धी तथ्याङ्क, रोपाइँको आँकडा, सिँचाइ क्षेत्रफलमा भएको परिवर्तन, किसानसँगको अन्तरक्रियापश्चात् मन्त्रालयले सो तथ्याङ्क सार्वजनिक गरेको हो।

नेपालको मुख्य खाद्यान्न धानबाली हो। कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनमा धानबालीको योगदान १२ प्रतिशत छ। राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २५ दशमलव १६ प्रतिशत छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयकी सहसचिव एवं प्रवक्ता डा जानुका पण्डितले यस वर्ष खेती लगाउने समयभित्र किसानलाई उन्नत बीउबिजन र मलखादको पर्याप्त व्यवस्था नहुनु, प्रतिकूल मौसम हुनु, मधेस प्रदेशमा धान लगाउने समयमा खडेरी पर्नुलगायत कारणले धान लगाइएका क्षेत्रफलमा उत्पादनमा कमी आएको जानकारी दिनुभयो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को संयुक्त प्रयासमा तयार पारिएको तथ्याङ्कमा चालु आर्थिक वर्षमा तीन दशमलव आठ प्रतिशत जमिनमा धानखेती हुन नसकेर बाँझै रहेको छ।

हरेक वर्ष मन्त्रालयले प्रकाशन गर्ने कृषि डायरीमा करिब ३१ लाख हेक्टर जमिन खेतीयोग्य मानिएको छ । नेपालको छैठौँ कृषि गणनाले २५ लाख २५ हजार ६३९ हेक्टर जमिन खेतीयोग्य रहेको उल्लेख छ। यसअघि तथ्याङ्क कार्यालयले खेतीयोग्य जमिनको तथ्याङ्क सार्वजनिक गरेका देखिँदैन। छैठौँ कृषि गणना विसं २०६८ मा भएको थियो। नेपालमा प्रत्येक १०/१० वर्षमा कृषि गणना गरिँदै आइएको छ। कृषि गणनाको सुरुआत विसं २०१८ देखि भएको हो।

एक हेक्टर जमिन भनेको २० रोपनी हुन्छ। करिब ५० प्रतिशत जमिनमा धानखेती गर्न सकिन्छ। चालु वर्षमा १३ लाख ७६ हजार ८७२ हेक्टर जमिनमा मात्र धानखेती भएको अनुमान छ। गत वर्ष १४ लाख २० हजार ६३६ हेक्टर जमिनमा धानखेती गरिएको थियो।

गत वर्ष ५९ लाख ५५ हजार ४७६ मेट्रिकटन धान उत्पादन भएकामा चालु आवमा चार दशमलव शून्य दुई प्रतिशत कम भई ५७ लाख पाँच हजार १२६ मेट्रिकटन उत्पादन हुने अनुमान गरिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयकी प्रवक्ता डा पण्डितले बताउनुभयो।

"नेपालमा धानको उत्पादन बढ्दा कूल गार्हस्थ्य उत्पादनमा फाइदा पुग्छ। हालको जनसङ्ख्यालाई धान्न झण्डै ६२ लाख मेट्रिकटन धान आवश्यक पर्छ। नेपालको जनसङ्ख्या करिब तीन करोड छ। नेपालीको दुवै छाक भात खाने चलनले चामलको आयात बढ्दै गएको हो। कम्तीमा एक छाक रोटी/ढिँडो वा पीठोबाट तयार हुने अन्य परिकार खाने बानी गरिए चामलको आयात कम हुने देखिन्छ", पण्डितले भन्नुभयो।

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार पछिल्ला केही वर्षयतादेखि कृषियोग्य जमिन घटिरहेको छ। विसं २०६८ को कृषि गणनामा २५ लाख २५ हजार ६३९ हेक्टर र २०७८ सालको कृषि गणनामा आइपुग्दा झण्डै तीन लाख हेक्टर घट्न गई २२ लाख १८ हजार ४१० हेक्टर जमिन खेतीयोग्यमा खुम्चिएको उल्लेख छ।

नेपालमा धान रोपाइँ असार-साउनमा र धान काट्ने समय कात्तिकदेखि मङ्सिरसम्म हुन्छ। जनसङ्ख्याको ठूलो हिस्सा अझै कृषिमा निर्भर छ। विसं २०७८ को गणनाअनुसार ४१ लाख ३० हजार ७८९ व्यक्ति कृषि पेसामा निर्भर छन्। जसमध्ये चार लाख ८३ हजार २०८ ले कृषि कर्जा लिएका छन्। राज्यले किसानलाई सहुलियतपूर्ण कर्जा वितरण गर्ने गरेको भए पनि अझै ८८ प्रतिशत किसानले कृषिकर्मका लागि कर्जाको सुविधा पाउन सकेका छैनन्।

ऋण लिएर व्यावसायिक काम गर्नेभन्दा परम्परागत विधिबाट जीविका गर्ने किसानको सङ्ख्या धेरै छ। परम्परागत कृषिकर्ममा आबद्ध किसानलाई व्यावसायिक बनाउने हो भने पशुपन्छी तथा खेतबारीबाट प्राप्त हुने फलफूल, तरकारी, अन्नबालीमा नेपाल आत्मनिर्भर हुने मन्त्रालयकी प्रवक्ता डा पण्डितले धारणा राख्नुभयो। धान/चामल र अन्य कृषि तथा पशुपन्छीजन्य उत्पादन प्रतिमहिना लगभग रु पाँच अर्बको आयात हुने गरेको भन्सार विभागले जनाएको छ।

राष्ट्रिय गौरवका सिँचाइ आयोजना समयमा निर्माण हुन नसक्नु, बहुसङ्ख्यक किसानलाई कृषि कर्जा उपलब्ध नहुनु, समयमा मलखाद तथा उन्नत प्रकारका बीउबिजन सहुलियतपूर्ण रूपले वितरण नहुनु, उत्पादनमा बिचौलियाको प्रभुत्व हुनु, खेतीयोग्य जमिन खण्डीकरण हुनुलगायत कारणले कृषिमा परनिर्भर बढ्दै गएको विज्ञहरूले बताएका छन्।


महादेवा गाउँपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
**बथनाहा, सप्तरी**
मधेश प्रदेश, नेपाल

**विद्यार्थीहरुका लागी शैक्षिक सामग्री खरिद सम्बन्धि दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/१२**

महादेवा गाउँपालिका सप्तरीको चालु आ.ब.२०८२/८३ को लागी स्विकृत कार्यक्रम सामुदायिक विद्यालयका विद्यार्थीहरूलाइ शैक्षिक सामग्री (कलम कापी अदी) वितरण अन्तगर्त मालसामान खरिद गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम योग्य आपुर्तिकर्ताबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१.खरिद गरिने सामग्रीको किसिम तथा परिमाण शिलबन्दी दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेखित भए बमोजिम हुनेछ।
२.दरभाउपत्र यस गाउँकार्यपालिकाको कार्यालयबाट रु.१०००।- (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिनेछ।
३.अध्यावधिक नविकरण गरिएका फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, आ.ब.२०८१/८२कोकर चुक्ताको प्रमाणपत्र वा म्याद थपको प्रमाणित भएका प्रतिलिपि सहित शिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको १२:०० बजेसम्म पेश गरिसक्नुपर्नेछ।
४.शिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ तोकिएको धरौटी रकम यस महादेवा गाउँकार्यपालिकाको कार्यालयको, बथनाहा सप्तरीस्थित एन.आई.सी. एसिया बैंक मा रहेको धरौटी खाता नं N3CA000736452406 मा जम्मा गरेको सक्कल भौचर वाक वर्गका वाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा ९० दिनको मान्य अवधि भएको बिड बन्ड संलग्न गर्नुपर्ने छ।
५.दाखिला भएका दरभाउपत्रहरु १६औं दिन दिनको २:०० बजे दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रहोवरमा महादेवा गाउँकार्यपालिकाको कार्यालयमा खोलिने छ। दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। पुर्व निर्धारित मितिमा कारण वस दरभाउपत्र नखोलिएको अवस्थामा दरभाउपत्र र जमानतको मान्य अवधिको गणना पुर्व निर्धारित मिति देखि नै गरिने छ।
६.दरभाउपत्र खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगतै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
७.दरभाउ पत्रमा आइटम वाइज अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्नेछ।अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
८.एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।
९.मालसामान आपूर्ति गर्ने करार अवधिभित्र कुनै किसिमको मूल्य वृद्धिदिईने छैन।
१०.दरभाउपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।
११.औषधि तथा सर्जिकल सामान सप्लाई गर्दा यस कार्यालयबाट स्वीकृत स्पेकिफिकेसन बमोजिम हुनुपर्ने छ।
१२. कुनै सामानको परिमाण तोकिएको भन्दा कम वा बढी उपलब्ध गराएमा कार्यालयले अस्वीकार गर्ने छ।
१३.सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम दरभाउ पत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नवाझिएको, पेशा वा व्यवसाय सम्वन्धि कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा स्वयम्घोषणा गरेको पत्र पेश गर्नुपर्ने छ। सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद एन, २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।
१४.आपूर्ति गर्ने सामग्रीहरु सम्झौता भएको मितिले एकै किस्तामा ३० दिन भित्र आपूर्ति गर्नुपर्नेछ।
१५.दरभाउ पत्र सम्वन्धी थप जानकारीको लागी कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

| क्र.स. | बोलपत्र/ठेक्का नं. | कामको विवरण | लागत अनुमान मु.अ.कर सहित | बोलपत्र फारम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|---|
| १. | MRM/SQ/EDU/01-082/083 | शैक्षिक सामग्रीखरिद कार्य | रु.१९,९९,२५२.५०।- | रु.१०००।- | रु.,५०,०००।- |

प्रमुख प्रशासकीय अधिकृत


## विश्व समाचार

### युक्रेन-रूस-अमेरिका त्रिपक्षीय वार्ता सकारात्मक, अर्को चरण चाँडै : जेलेन्स्की

किएभ, युक्रेन,११ माघ (रासस/एपी)।

युक्रेन, रूस र संयुक्त राज्य अमेरिकाबीच दुई दिन चलेको त्रिपक्षीय वार्ता शनिबार सकारात्मक रूपमा सकिएको छ। युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीका अनुसार युद्ध अन्त्यका सम्भावित उपायहरूमा छलफल भएको छ र अर्को चरणको वार्ता फेब्रुअरी १ मा संयुक्त अरब इमिरेट्समा हुने तय भएको छ। यो वार्ता अमेरिकाका अधिकारी र दुवै देशका प्रतिनिधिहरूबीच पहिलो पटक भएको हो। जेलेन्स्कीले सबै पक्षले आफ्नो राजधानीमा वार्ताको प्रगति रिपोर्ट गर्ने र भविष्यका कदमहरू समन्वय गर्ने सहमति जनाएको बताउनुभएको छ।

वार्तामा सैनिक तथा आर्थिक विषयहरू छलफल भएका थिए र सम्भावित युद्धविरामको विषय पनि उठेको थियो। यद्यपि, युक्रेनको जापोरिज्जिया आणविक ऊर्जागृहको नियन्त्रणबारे निर्णय हुन सकेको छैन। यसबाट उत्पादन हुने विद्युत सबै पक्षबीच समानुपातिक रूपमा बाँडिने जनाइएको छ। युक्रेनी टोलीमा मुख्य वार्ताकार रुस्टम उमेरोव र किरिलो बुडानोव रहेका थिए भने अमेरिकी टोलीमा स्टीव विटकोफ र जार्ड कुश्नर सहभागी थिए। रूसी टोलीमा सैनिक खुफिया र सेना प्रतिनिधि सहभागी थिए। जेलेन्स्कीले भन्नुभयो," युद्ध अन्त्यको प्रक्रिया निगरानी र सुरक्षा सुनिश्चित गर्न अमेरिकाको भूमिका आवश्यक छ। तर क्षेत्रीय विवाद लगायत केही संवेदनशील मुद्दाहरू अझै समाधान हुन बाँकी रहेका छन्।"

वार्ता जारी रहँदा रूसले ड्रोन आक्रमण गरेरी कएभमा एक जनाको मृत्यु र चार जना घाइते गराएको छ। खार्किभमा २७ जना घाइते भएका छन्। युक्रेनी विदेशमन्त्री आन्द्री सिबिहाले ट्विटरमा लेख्नुभयो, "पुटिनले अमेरिका नेतृत्वको शान्ति प्रक्रियाबीच हाम्रो जनतालाई लक्षित गर्दै आक्रमण गर्न आदेश दिनुहोला।"

### गाजामा द्वितीय चरण लागू गर्न अमेरिकी दबाब, नागरिक सुरक्षामा जोड

काइरो, ११ माघ (रासस/एपी)।

अमेरिकी उच्चस्तरीय दूतहरूले शनिबार इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग भेट गरी गाजामा रोकथाम सम्झौताको द्वितीय चरण सुरु गर्न आग्रह गरेका छन्। अमेरिकी प्रतिनिधिहरूमा राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत स्टिभ विटकफ र ट्रम्पका दामाद तथा मध्यपूर्व सल्लाहकार जारेड कुश्नर थिए।

नेतान्याहुको कार्यालयले भेटको विस्तृत विवरण भने सार्वजनिक गर्नुभएको छैन। तर एक अमेरिकी अधिकारीका अनुसार, दूतहरूले गाजामा बाँकी बन्धकका अवशेष फिर्ता गर्ने प्रक्रिया र क्षेत्रको निरस्त्रीकरणको अर्को चरणको तयारीमा नेतान्याहुसँग मिलेर काम गरिरहेका छन्। द्वितीय चरणको प्रमुख संकेत द्वितीय चरणको सबैभन्दा ठूलो संकेत रफाह सीमा (गाजा र इजिप्टबीचको सीमा) खुल्नु हुनेछ। गाजामा दिन-प्रतिदिनको प्रशासन सम्हाल्ने प्राविधिक सरकारका प्रमुख अली शाथले सीमा यसै हप्ताबाट दुवैतर्फ खुल्ने सम्भावना रहेको बताउनुभयो।

यद्यपि, इजरायलले यस विषयमा यस हप्ताको समीक्षा पछि मात्रै निर्णय गर्ने जनाएको छ। हाल गाजाको रफाह सीमा इजरायली सेनाको नियन्त्रणमा छ। बन्धकका अवशेष र दबाब गाजामा बाँकी बन्धक रान गभिलीको परिवारले हामासमाथि थप दबाब दिन आग्रह गरेका छन्। परिवारका अनुसार, "राष्ट्रपति ट्रम्पले यसै हप्ता डाभोसमा भनेझैं, हामासलाई थाहा छ हाम्रो छोरा कहाँ राखिएको छ। उनीहरूले अन्तर्राष्ट्रिय समुदायलाई ठगिरहेका छन् र सम्झौता उल्लंघन गरिरहेका छन्।"

हामासले उनीहरूले गभिलीको अवशेषसम्बन्धी सबै जानकारी रोकथाम मध्यस्थकर्ताहरूलाई प्रदान गरिसकेका बताएका छन्। तर इजरायलले खोज कार्यमा आफ्नो नियन्त्रण क्षेत्रभित्र अवरोध भएको आरोप लगाएको छ। इजिप्टको पहल इजिप्टका विदेशमन्त्री बादर अब्देलअत्तिले रफाह सीमा तुरुन्तै खोल्न आग्रह गर्नुभएको छ। उहाँल द्वितीय चरण कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय निगरानी बल तैनाथ गर्ने, रफाह सीमा खोल्ने र इजरायली सेनाको गाजाबाट फिर्ता हुने विषयमा छलफल भएको बताउनुभयो। उहाँका अनुसार, द्वितीय चरणको कार्यान्वयन गाजाको पुनर्निर्माणको "मुख्य प्रवेशद्वार" हुनेछ। हिंसा र मृत्युदर द्वितीय चरणको तयारी भइरहँदा पनि हिंसा जारी छ।

शनिबार, इजरायली हवाई हमलामा १३ र १५ वर्षीय दुई प्यालेस्टिनी किशोर मारिएका छन्। उहाँहरु जँगली काठ खोज्दै थिए र सेनाले सुरक्षित क्षेत्र मानिएको स्थानमा हमला भएको बताएको छ। इजरायली सेनाले भने कि उनीहरूले आतंकवादीलाई लक्षित गरेको र बालबालिकाको मृत्यु अनपेक्षित भएको बताएका छन्। गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार, ४८० भन्दा बढी प्यालेस्टिनी इजरायली गोलीबारीमा मारिएका छन्। अन्तर्राष्ट्रिय संवाद हामासका प्रतिनिधिहरू शनिबार इस्तानबुलमा टर्कीएको राष्ट्रिय सुरक्षा संगठन प्रमुखसँग भेटेर रोकथाम सम्झौताको द्वितीय चरण र पहिलो चरणका आवश्यकताहरू पूरा गर्ने विषयमा छलफल गरेका छन्।

